# Time Release Study सम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न

२०७१ साल चैत्र ३ देखि ५ गत सम्म भन्सार बिभाग , एसियाली बिकाश बैंक र विश्व भन्सार संगठनको संयुक्त आयोजनामा , Time Release Study सम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा अर्थ मन्त्रालय , बाणिज्य तथा आपूर्ति मन्त्रालय , उद्योग मन्त्रालय , भन्सार बिभाग र मातहतका कार्यालय , अन्तरिक राजस्व बिभाग , सम्पत्ति सुद्धिकरण बिभाग , राजस्व अनुसन्धान विभागका साथै नेपाल राष्ट्र बैंक , इन्टरमोडेल यातायात बिभाग समिति , व्यापार तथा निर्यात बिकाश केन्द्र लगायत गरि सरकारी संघ संस्थाबाट समेत सहभागिता रहेको थियो । भन्सार बिन्दुमा मालबस्तु प्रवेश गरेपछि के कस्तो प्रक्रिया पुरा गरि के कति समयावधिमा त्यस्ता मालबस्तु भन्सार क्षेत्रबाट बहिरिन्छन र प्रक्रिया , समयावधि , कागजात घटाइ व्यापारमा कसरी सहजीकरण गर्न सकिन्छ भन्ने बिषयमा सिफारिस गर्नु गोष्ठीको उद्धेश्य रहेको थियो । गोष्ठीमा विश्व भन्सार संगठन , एसियाली बिकास बैंकका विज्ञहरुको समेत सहभागिता रहेको थियो ।

गोष्ठीको आरम्भमा भन्सार विभागका महानिर्देशक श्री शिशिर कुमार ढुंगानाले गोष्ठीको महत्व माथि प्रकाश पार्दै भन्सार सुधार तथा आधुनिकीकरणको दिशामा Time Release Study महत्वपूर्ण रहेको र सम्बद्ध सबैबाट यसमा सहयोग पुग्ने अपेक्षा गर्नु भयो । कार्यक्रमलाइ सम्बोधन गर्दै राजस्व सचिब श्री नवराज भण्डारी ज्युले व्यापार सहजीकरणमा यसबाट सहयोग पुग्ने र सबैसंग हातेमालो गरि सुधारको प्रक्रियामा अघि बढ्ने नेपालको चाहना रहेको भावना ब्यक्त गर्नु भयो । कार्यक्रमलाई विश्व भन्सार संगठन र एसियाली बिकाश बैंकबाट प्रतिनिधित्व गर्नु हुने विज्ञहरु समेतले यसको महत्व बारे प्रकाश पर्नु भएको थियो । कार्यशालामा प्रस्तुत बिषयमा बिस्तृत छलफल भई सुरुमा मेची तथा बीरगंज भन्सार कार्यालयमा लागु गर्ने , यसको लागि कार्य योजनाको निर्माणका साथै अन्तिम प्रतिबेदन सन् २०१५ को डिसेम्बरको तेस्रो हप्तासम्म प्रकाशन गरि सक्ने निर्णय लिइएको छ ।